नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

नेपाली सवारीचालक अनुमतिपत्र प्रमाणीकरण सम्बन्धमा।

Ref No. :

यही मिति २०८३/०४/०१ गतेदेखि यातायात व्यवस्था विभागले सवारीचालक अनुमतिपत्र प्रणालीलाई पूर्ण रूपमा स्वचालित बनाउने उद्देश्यले प्रदेशगत रूपमा छुट्टाछुट्टै website निर्माण गरी सवारीचालक अनुमतिपत्रको विवरण सम्बन्धित व्यक्तिले मात्र हेर्न मिल्ने व्यवस्था गरेपश्चात् यस राजदूतावासबाट हुँदै आएको License Verification को कार्य अवरुद्ध भएकोमा यस राजदूतावास, यातायात व्यवस्था विभाग र कन्सुलर सेवा विभागको निरन्तर प्रयासबाट मिति २०८३/०४/२९ गतेदेखि उक्त सेवा पुनः सुचारू भएको छ। यस अवधिमा सेवाग्राहीहरूमा पर्न गएको असुविधाप्रति राजदूतावास क्षमाप्रार्थी छ।

अतः नेपाली सवारीचालक अनुमतिपत्रको Verification सेवा लिन चाहने सेवाग्राहीहरुले देहायमा उल्लिखित कागजातसहित स्वयम् दूतावासमा उपस्थित भई वा Post मार्फत कागजातहरु पठाई निवेदन पेस गर्न सकिने ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। सवारीचालक अनुमतिपत्र प्रमाणीकरण सेवा सम्बन्धी थप जानकारीका लागि राजदूतावासको Website: kr.nepalembassy.gov.np भिजिट गर्नुहोला।

**आवश्यक कागजातहरु:**

१. नेपाली सवारीचालक अनुमतिपत्रको प्रतिलिपि

२. राहदानी र नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३. गणतन्त्र कोरियाको ARC Card को प्रतिलिपि

Note: Post मार्फत सेवा लिनका लागि ७५०००।—(राजश्व शुल्क) + ३०००।—(Postal Charge)=७८०००।—(अठहत्तर हजार कोरियन वन कागजातसँगै पठाउनुपर्नेछ। सवारीचालक अनुमतिपत्रको लागि पेश गर्ने निवेदनमा आफ्नो मोबाइल नम्बर र कम्पनिको ठेगाना प्रष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। सवारीचालक अनुमतिपत्र प्रमाणीकरणका लागि आवश्यक निवेदन फारम राजदूतावासको Website बाट Download गर्न सकिनेछ।

नेपाली राजदूतावास, सिओल
गणतन्त्र कोरिया
१४ अगष्ट २०२६

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]